# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड :२ संख्या :१५ फागुन ८ गते, बुधबार , २०७५**

## भाग-२

# कृषि तथा पशुउपज थोक सङ्कलन केन्द्र सञ्चालन कार्यविधि-२०७५

कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/११/०६

प्रस्तावनाः

कृषि उपज सङ्कलन स्थलको व्यवस्था तथा सञ्चालनसम्बन्धी निर्देशिका, २०५३  संसोधन सहित) को दफा ६ २) क) लाई आधार मानी गुल्मी जिल्लामा कृषि तथा पशु संकलन केन्द्र स्थापना गर्न रेसुङ्गा नगरपालिका गुल्मी, गुल्मी उद्योग वाणिज्य संघ, जिल्ला कृषि ज्ञान केन्द्र, स्थानीय कृषि तथा पशु समूह, समिति वा सहकारी संस्था समेतको सहभागितामा यो कार्यविधि बनाईएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) कृषि तथा पशु उपज थोक सङ्कलन सञ्चालन कार्यविधि, गूल्मी, २०७५ रहने छ ।

ख) यो कार्यविधि रेसुङ्गा नगरकार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**२. कार्यविधि लागु हुने ठाँउ :**

यो कार्यविधि रेसुङ्गा नगरपालिकाभर लागु हुनेछ ।

३. **परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

३.१. "निर्देशिका" भन्नाले नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय द्धारा जारी गरिएको कृषि तथा पशु उपज सङ्कलन स्थलको ब्यबस्था तथा सञ्चालनसम्बन्धी निर्देशिका,२०५३ संशोधन सहित) लाई सम्झनु पर्छ।

३.२ "समिति" भन्नाले कार्यविधिको दफा १२ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

३.३ "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

३.४ "सदस्य" भन्नाले समितिका सदस्यहरु सम्झनु पर्दछ । यो शब्दले अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउने छ ।

३.५ "अनियमित खरिद बिक्री" भन्नाले यस कार्यविधिले तोकेको प्रकृया उल्लङघन गरी खरिद बिक्री गरेको सम्झनु पर्दछ ।

३.६ "नापतौलकर्ता" भन्नाले सो कार्यको लागि समितिले तोकेको कर्मचारी वा समितिबाट इजाजत प्राप्त ब्यक्ति वा संस्था सम्झनु पर्दछ ।

३.७ "कृषि तथा पशु उपज बस्तु" भन्नाले मौसम अनुसार खरिद बिक्रीमा आउने फलफुल, तरकारी, आलु प्याज, च्याउ, मसला बस्तु पुष्प फूल), खाद्यान्न, वीउ बिजन, मल विषादि, जडीबुटी तथा समितिद्धारा तोकिएको अन्य कृषि जन्य बस्तुहरु र खसी, बोका, रागा, भैंसी, कुखुरा हाँस, माछा, पशु औषधि, दूघ तथा दुग्धजन्य पदार्थ लगायतलाई संझनु पर्दछ ।

३.८ "खरिदकर्ता" भन्नाले कृषि तथा पशु वस्तु थोक खरिद गर्ने ब्यक्ति वा संस्था सम्झनु पर्दछ ।

३.९ "बिक्रीकर्ता" भन्नाले कृषि वस्तु थोक बिक्री गर्ने ब्यक्ति वा संस्था सम्झनु पर्दछ ।

३.१० "थोक खरिद बिक्री कार्य" भन्नाले कुनै एक किसिमको कृषि बस्तु ५ पाँच) किलो वा अन्यको हकमा समितिले तोके बमोजिम हुनेछ

३.११ "थोक खरिद वा बिक्रीकर्ता" भन्नाले कुनै एक कृषि बस्तु ५ पाँच) किलो वा सो भन्दा बढी समितिले थोक भनी तोकेको परिमाणको खरिदबिक्री कार्यमा संलग्न ब्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

३.१२ “ढुवानीकर्ता पल्लेदार/कुल्ली)” भन्नाले सङ्कलन क्षेत्र भित्र सामान ओसार्ने, लोड अनलोड गर्ने कार्यको लागि समितिबाट इजाजत प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ ।

३.१३ “सङ्कलन क्षेत्र” भन्नाले तम्घासको हकमा कृषि तथा पशु बस्तु खरिद बिक्री, भण्डार, आदिका लागि साविकको जिल्ला विकास समितिको स्वामित्वमा रहेको जग्गालाई बुझाउनेछ ।

३.१४ समितिले तोके बमोजिम भन्नाले समितिको बैठकले निर्णय गरी तोके बमोजिम भन्ने सम्झनु पर्दछ ।

**४. कृषि तथा पशु उपज सङ्कलन क्षेत्र :**

४. १ साविकको जिल्ला विकास समितिको स्वामित्वमा रहेको चारीखोला स्थित ३ रोपनी, ९ आना, २ पैसा ३ दाम को जग्गा ।

४. २ उक्त स्थानमा संकलन केन्द्रलाई आवश्यक पर्ने घर टहराहरूको निर्माण नगरापलिका लगायत अन्य संघ संस्थाबाट हुनेछ ।

४.३ दुई पक्षीय सम्झौताका आधारमा यस सङ्कलन केन्द्र तोकिएको दस्तुर तिरी निश्चित अवधिका लागि करारमा लिन सक्ने छ ।

**५. कृषि तथा पशु उपज सङ्कलन क्षेत्रको नियन्त्रण तथा संरक्षण :**

५. १ सङ्कलनस्थल क्षेत्रको नियन्त्रण तथा संरक्षण पूर्णरुपले समितिको अधिनमा रहने छ ।

५. २ सङ्कलन क्षेत्रभित्र कृषि तथा पशु वस्तुको थोक खरिद बिक्री र लिलाम बढाबढ गर्ने स्थानहरु समितिले तोके अनुसार हुनेछ ।

५. ३ कृषि वस्तुहरुको खरिद बिक्रीका लागि सङ्कलन केन्द्र खोल्ने, खरिद बिक्री कार्य सञ्चालनगर्ने, सङ्कलन बन्द गर्ने आदि सङ्कलन संचालनसम्बन्धी कामको तालिका बनाई समितिले सोको सूचना सङ्कलन स्थलको सूचना पाटी वा सार्वजनिक स्थानमा टाँस गरी लागु गरे अनुसार हुनेछ ।

५. ४ कृषि तथा पशु बस्तु बाहेक अन्य बस्तुहरु सङ्कलन क्षेत्रभित्र खरिद बिक्री गर्न पाइने छैन ।

**६. इजाजत पत्र जारी र खारेजी :**

६.१ सङ्कलन क्षेत्रभित्र थोक कारोवार गर्न समितिसंग इजाजत पत्र लिनु पर्नेछ ।

६.२ उप दफा ६.१ बमोजिमको इजाजत पत्र लिन कुनै व्यक्ति वा संस्थाले सङ्कलन व्यवस्थापक मार्फत अनुसुचि २ को ढाँचामा समितिमा निवेदन दिनु पर्नेछ ।

६.३ सम्झौताको आधारमा संकलकहरुलाई ५ वर्षको लागि इजाजत दिएता पनि प्रत्येक इजाजत प्राप्त व्यवसायीहरुले प्रत्येक आ.व.को मसान्त भित्र आफ्नो इजाजत पत्रको नवीकरण अनुसूची १ बमोजिम दस्तुर तिरी नविकरण गर्नु पर्नेछ ।

६.४ इजाजत प्राप्त ब्यवसायीले समितिको स्वीकृती लिई आफ्नो खरिद बिक्री कार्यको लागि समितिले तोके बमोजिम कर्मचारीहरू नियुक्त गर्न सक्नेछन् ।

६.५ इजाजत पत्र लिएको व्यवसायीले सोको स्वामीत्व अन्य कुनै ब्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न, भाडामा दिन वा बिक्री गर्न पाइने छैन ।

६.६ समितिले तोकेका शर्तहरु पालना नगरेमा वा अनियमित खरिद बिक्री गरेको प्रमाणित भएमा वा कार्टेलिङ मिलोमतो) गरी बस्तुको मूल्य बढाएको पाईएमा वा इजाजत पत्र नवीकरण नगरेमा वा समितिलाई तिर्नु पर्ने शुल्क म्याद भित्र नबुझाएमा दफा ६.३ मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले इजाजत पत्र खारेज गर्न सक्नेछ ।

६.७ इजाजत पत्र खारेज गरिनु भन्दा पहिले समितिले कुन कारणबाट इजाजत पत्र खारेज गरिने हो सो को कारण सहित सफाईको मौका सम्बन्धित पक्षलाई दिनु पर्नेछ ।

६.८ इजाजत प्राप्त ब्यबसायी र निजका सहायकहरुले अनिवार्य रुपमा समितिले जारी गरेको परिचय पत्र सर्वसाधारण समेतले देख्नेगरी लगाउनु पर्ने छ ।

## ७. खरिद बिक्री प्रकृया :

७.१ खरीद, बिक्री भएको परिमाण प्रष्ट हुने गरी खरीद गर्दा र बिक्री गर्दा सम्बन्धित ब्यक्तिहरुलाई विल उपलब्ध गराउनु पर्नेछ ।

७.२. इजाजत प्राप्त नापतौलकर्ता, ढुवानीकर्ता, सरसफाईकर्ताले समितिले तोकेको समय, स्थान र प्रकृया अनुसार आफ्नो कार्य गर्नु पर्नेछ

७.३ समितिले बिक्री गर्न तोकेको क्षेत्रमा तोकेको सामानहरु तोकेको परिमाणमा मात्र बिक्री गर्नु पर्नेछ ।

७.४ सङ्कलन स्थलमा समितिबाट इजाजत प्राप्त ब्यक्ति वा संस्थाले मात्र लिलाम सकार्न, लिलाम बढाबढको कार्यमा भागलिन सक्नेछन् । यस्तो लिलाम बढाबढको कार्य समितिले तोकेको मिति, समय र स्थानमा तोकेको प्रकृया अनुसार हुनेछ ।

७.५ समितिको कार्यविधि अनुसार समितिको कर्मचारीको सुपरीवेक्षणमा खरीद बिक्री भएको कार्यमा बाहेक अन्य ब्यक्तिगत खरीद बिक्रीको कार्य, भुक्तानी, सामान हस्तान्तरण आदिको समिति जिम्मेवार हुने छैन ।

७.६ इजाजत प्राप्त ब्यक्ति वा संस्थाले आफ्ना सामानहरुको जिम्मेवारी आफै लिनु पर्नेछ ।

**८. सङ्कलन सञ्चालनप्रकृया :**

८.१ सङ्कलन क्षेत्रभित्रको स्थान वितरण समितिको निर्णय बमोजिम हुनेछ ।

८.२ सङ्कलन क्षेत्रभित्र निर्माण गरिएका भवन तथा कोठाहरु समिति, कार्यालय संचालन, बैठक कोठा र अन्य प्रयोजनका लागि समितिको निर्णय अनुसार गरिने छ ।

८.३ सङ्कलन क्षेत्रभित्र चमेना गृह, होटल, आदि आबश्यक भएको अबस्थामा समितिले निर्णय गरे अनुसार सञ्चालनगर्न दिईने छ ।

**९. सम्झौता सम्बन्धी ब्यवस्था :**

कृषक, व्यवसायी र उपभोक्त।को साझा व्यवसायीक थलोको रुपमा स्थापित भएको सङ्कलन केन्द्रलाई सुविधा सम्पन्न अर्को कृषि तथा पशु उपज थोक संकलन केन्द्र विकल्प नभए सम्म दिगोे रुपमा सञ्चालनगर्ने गरी सङ्कलन क्षेत्रभित्र रहेका सटर तथा कोठाहरु वितरणका लागि सम्झौता गर्दा तल उल्लेख गरीएका शर्त एवम् प्रकृयाहरु पालन गर्नु पर्नेछ ।

९.१ सहकारी संघ, संस्था र कृषक समुह भएमा सो कोे प्रमाण पेश गर्नुपर्ने ।

९.२ करदर्ता प्रमाण पत्र वा स्थानीय निकायमा कर दर्ता भएको प्रमाणपत्र लिई नवीकरण गरेको प्रमाण पत्र पेश गर्नेे ।

९.३ अनुसुची २ को ढाँचा अनुसारको निवेदन पेश गर्नेे ।

९.४ कृषि बस्तु व्यवसाय सञ्चालनसम्बन्धी चालु आ. व. सम्मको लागि नवीकरण भएको ब्यवसायिक प्रमाण—पत्र पेश गर्नेे ।

९.५ सङ्कलन केन्द्र विकास गर्ने सन्दर्भमा आइ पर्ने कुनै किसिमका कामहरु अर्को पक्ष

ठेक्का) वाट गराउनु पर्दा अनुसुची ४ को ढाँचा अनुसारको सम्झौता र शर्त अनुसार गर्ने गराउने । आवश्यकता अनुसार सो अनुसूचीमा थप शर्तहरु समेत राख्न सकिनेछ ।

- आय सम्वन्धि ठेक्काको लागि ठेक्कावालाले कवोल गरेको अंकको ३ महिना वरावर हुन आउने रकम र वार्षिक कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम समितिको धरौटी खातामा वुझाई सोको रसिद समितिलाई वुझाउनु पर्नेछ ।
- खर्च सम्वन्धि ठेक्काको लागि ठेक्कावालाले कवोल गरेको कूल अंकको ५ प्रतिशतले हुन आउने रकम समितिको धरौटी खातामा वुझाई सोको रसिद समितिलाई वुझाउनु पर्नेछ ।

९.६ शुरुमा बढीमा ५ वर्षका लागि संझौता गरिनेछ ।

९.७ स्थान भाडामा लिन सम्झौता गर्न आउने ब्यक्ति वा संस्थाले ३ तिन) महिनाको भाडा बराबरको रकम धरौटीको रुपमा समितिको नाममा रहेको बैंक धरौटी खातामा अग्रिम जम्मा गरी सोको बैंक भौचर समितिमा पेश गर्नु पर्नेछ ।

९.८ भाडा दर तथा धरौटी रकम बृद्धि गर्ने सम्बन्धी शर्त समाबेश हुनुको साथै व्यापारीक कारोवार बाहेक आवास तथा अन्य कार्यको लागि स्थान प्रयोग गर्न नपाईने कुरा संझौता पत्रमा उल्लेख गर्नु पनेछ ।

९.९ कारोवारको इजाजत हस्तानान्तरण नहुने ।

९.१० स्टल भाडामा लिएको व्यक्ति वा संस्थाले आफ्नो कारणले स्टल खाली गर्न चाहेमा समितिलाई एक महिनाको अग्रिम सुचना दिई खाली गर्न सक्ने । बिना सूचना खाली गर्ने ब्यक्ति वा संस्थावाट १ महिना बरावरको रकम धरौटी बाट कट्टा हुने ।

९.११ दर्ता भएका समूह, सहकारी संस्थाहरुमध्ये यदि कसैको मृत्युको कारणबाट सटर/कोठा स्थायी रुपमा खालि भएको अवस्थामा बांकी अवधिको लागि निजको नजिकको हकदारले समितिमा स्थान भाडामा लिन निवेदन दिन सक्नेछन् । यस्तो निवेदनमा देहायका कागजातहरु समावेश हुनु पर्नेछ ।

- मृत्युदर्ता प्रमाण पत्र ।
- नजिकको हकदार कायम भएको निस्सा वा प्रमाण पत्र नाता प्रमाणित कागज) ।
- समितिसंग हिसाव फरफारक भएको निस्सा ।
- कृषक समुहको लागि दर्ता भएको समुह वा जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयको लिखित सिफारीस पत्र ।

उपरोक्त अनुसार प्राप्त निवेदन उपर समितिले आबश्यक छानविन गरी मृतकले प्रयोग गरिरहेको स्थान बाँकी अवधीको लागि प्रयोग र सञ्चालनगर्न इजाजत दिन सक्नेछ ।

९.१२. सम्झौता पत्रमा सहीछाप गर्ने व्यक्ति, व्यवसायी एवं संघ संस्थाहरुले आफ्नो तीन पुस्ते खुलेको प्रमाण पत्र पेश गर्नु पर्नेछ ।

## १०. गुणस्तर निर्धारण :

१०.१ सङ्कलन स्थल क्षेत्रभित्र समितिले निर्णय गरी तोके बमोजिमको गुणस्तरयुक्त कृषि जन्य वस्तुहरुको मात्र खरिद बिक्री गर्नु पर्नेछ । गुणस्तरको प्रावधान नेपाल सरकारले समय समयमा तोकेको हदसम्म सो बमोजिम र नतोकेका बस्तुहरुको हकमा समितिले तोके बमोजिम हुनेछ ।

१०.२ उप दफा १०. १ को उल्लंघन गरी खरिद विक्री गरेमा समितिले इजाजत पत्र रद्द गरी कारवाही समेत गर्न सक्ने छ ।

## ११. कृषि तथा पशु बस्तुको कारोवार, भारी चढाउने, उतार्ने स्थान र तरिका :

११.१ कृषि बस्तुको कारोवार समितिले तोकेको समयमा सङ्कलन क्षेत्रभित्र तोकेको स्थानमा मात्र हुनेछ ।

११.२ समितिले ढुवानी साधनबाट कृषि बस्तु चढाउने, उतार्ने समय तोक्नेछ । कृषि बस्तुहरु लादिएको ढुवानी साधनहरु तोकिएको समय भन्दा अघिपछि आएमा सङ्कलन ब्यवस्थापकले तोकेको उपयुक्त ठाँउमा वा क्षेत्रमा मात्र पार्किङ गर्न र सामान उतार्न दिइनेछ ।

११.३ समितिबाट इजाजत प्राप्त गरेका ब्यक्ति वा संस्थाले मात्र सङ्कलन स्थलमा सामानहरु उतार्ने, छान्ने ग्रेडिङ गर्ने ), ढुवानी गर्ने, मौज्दात राख्ने, अथवा प्रदर्शन गर्न सक्नेछ ।

११.४ समितिद्धारा निश्चित गरिएका शर्त तथा तरिका बाहेक अन्य तरिकाबाट सङ्कलन स्थलमा कुनै ढुवानी साधन प्रयोग गर्न र सामान उतार्न पाइने छैन ।

११.५ सङ्कलन स्थल क्षेत्रमा आउने सामानको विवरण सङ्कलन स्थलमा प्रवेश गर्नु अघि प्रवेशद्धारमा समितिले तोकेको ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।

११.६ सङ्कलन स्थलमा ल्याउने सामानहरु कण्टेनर वा विनमा प्याकिङ गर्ने तरिका तथा प्याकिङको स्तर समितिले निर्धारण गर्न सक्नेछ । प्याकिङ नभएका कृषि तथा पशु बस्तुहरुको संचय र प्रदर्शनको तरिका समितिले तोके अनुसार हुनेछ ।

## १२. समिति गठनः

१२.१ कृषि तथा पशु उपज थोक सङ्कलन केन्द्र सञ्चालन गर्न निम्न बमोजिमको व्यवस्थापन समिति गठन गरिने छ ।

| | |
|---|---|
| अध्यक्ष | नगर प्रमुख रेसुङ्गा नगरपालिका |
| उपाध्यक्ष | नगर उपप्रमुख रेसुङ्गा नगरपालिका |
| सदस्य | आर्थिक विकास हेर्ने जिल्ला समन्वय सदस्य |
| सदस्य | जिल्ला समन्वय अधिकारी |
| सदस्य | कृषि ज्ञान केन्द्रका प्रमुख |
| सदस्य | प्रमुख प्रशासकीय अधिकृत, रसुङ्गा नगरपालिका |
| सदस्य | आर्थिक विकास संयोजक रेसुङ्गा नगरपालिका |
| सदस्य | गुल्मी उद्योग वाणिज्य संघ सदस्य कृषि तथा उद्योग हेर्ने |
| सदस्य | तरकारी तथा फलफूल खुद्रा व्यवसायी संघ प्रतिनिधि |
| सदस्य | जिल्ला कृषि सहकारी सँघ प्रतिनिधि |
| सदस्य | जिल्ला पशु सहकारी संस्था प्रतिनिधि |
| सदस्य | तरकारी कृषक समूह प्रतिनिधि |
| सदस्य | फलफूल कृषक समूह प्रतिनिधि |
| सदस्य | समितिद्वारा मनोनित १ जना प्रतिनिधि |
| सदस्य सचिव | नगरप्रमुखले तोकेको एकजना अधिकृत प्रतिनिधि |

१२.२ कारणबस समितिको पदाधिकारी रिक्त रहेमा सम्बद्ध निकायबाट प्रतिनिधि तोकी पठाउनु पर्ने छ ।

१२.३ सल्लाहकार

उक्त समितिमा जिल्ला समन्वय प्रमुख तथा प्रमुख जिल्ला अधिकारीलाई सल्लाहकारको रुपमा बैठकमा आमन्त्रण गर्नु पर्ने छ ।

**१३ समितिको काम, कर्तव्य र अधिकारः**

१३.१ कृषि उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न कृषि वजारको स्थापनाको लागि भौतिक सुविधा लगायतको व्यवस्था गरी सो वजारलाई प्रतिस्पर्धात्मकरुपवाट सञ्चालन गर्ने व्यवस्था मिलाउनु समितिको कर्तव्य हुनेछ ।

१३.२ माथि उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ ।

क) वजार व्यवस्थापनको सम्वन्धमा नीति निर्धारण गर्ने तथा सो को कार्यान्वयन गर्ने ।

ख) नियमित रुपमा वजार सूचना आदान प्रदान गर्न सहयोग पुऱ्याउने ।

ग) वजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने ।

घ) कृषि उत्पादक, व्यापारी, संघ, संस्था, निकाय वा ब्यक्ति विशेषको निमित्त वजार सुविधा उपलव्ध गराउने ।

ङ) वजारमा सुविधाहरु उपलव्ध गराए वापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्वन्धित ब्यक्ति वा निकायवाट त्यस्तो सेवा शुल्क असूल गर्ने ।

च) वजार सञ्चालनसम्वन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

छ) वजार स्थललाई सफा सुघर राखी स्वस्थ वातावरण कायम गर्ने ।

ज) वजार स्थलको मरमत संभार तथा संरक्षण गर्ने ।

झ) वजार सञ्चालनव्यवस्था सम्वन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

१३.३ कृषि तथा पशु संकलन केन्द्रस्थलभित्र फूटकर विक्रि वितरणसम्बन्धी व्यवस्था समितिले निर्यण गरे बमोजिम हुनेछ ।

**१४ समितिको वैठक र निर्णयः**

क) समितिको वैठक अध्यक्षले तोकेको मिति र समयमा कृषि उपज बजार स्थलमा वस्ने छ । समितिको वैठक महिनामा एकपटक वस्नु पर्नेछ ।

ख) समितिको कुल सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

ग) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

घ) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

ङ) समितिको निर्णय अध्यक्ष र सदस्य—सचिवद्वारा प्रमाणित गरिनेछ ।

च) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

**१५. उप समिति गठन :**

१४.१ समितिले आबश्यकता अनुसार उप समितिहरु गठन गर्न सक्नेछ ।

१४.२ उप समितिका सदस्य संख्या बढीमा ५ जना हुनुको साथै कार्य जिम्मेवारी तथा अवधि समितिले तोके बमोजिम हुनेछ ।

**१६. खरिद बिक्री सम्बन्धी विवादको समाधान :**

सङ्कलन स्थल क्षेत्रभित्र खरिद—बिक्रीका क्रममा उठेका विवाद समाधानको लागि सम्बन्धीत पक्षले सङ्कलन ब्यवस्थापक समक्ष निवेदन दिनु पर्नेछ । सो निवेदन उपर सङ्कलन ब्यवस्थापकले निर्णय गर्नेछ । सङ्कलन ब्यबस्थापकले गरेको निर्णय चित्त नवुझेमा समितिको निर्णय अनुसार हुनेछ ।

**१७. पल्लेदार/कुल्ली ढुवानीकर्ता):**

सङ्कलन क्षेत्रभित्र सामान लोड/अनलोड तथा ढुवानी कार्य गर्नका लागि समितिले ढुवानीकर्ता) पल्लेदारको इजाजत पत्र जारी गर्नेछ । यसरी भरियाको कार्य गर्न चाहने ब्यक्तिले इजाजत लिंदा अनुसुचि १ अनुसारको शुल्क तिर्नु पर्नेछ र वार्षिक रुपमा ईजाजत पत्र नवीकरण गराउनु पर्नेछ ।

## १८ भाडा :

सङ्कलन केन्द्रको ब्लकको भाडा जिल्ला विकास समिति गुल्मीसंगको सम्झौंतालाई आधार मानी समितिले तोके बमोजिम हुनेछ ।

## १९. शुल्क :

१९.१ समितिले सङ्कलन क्षेत्रभित्र तोकिए बमोजिम कारोवार गर्न इजाजत पत्र जारीगर्दा तोकिए बमोजिम वार्षिक इजाजत शुल्क तथा सोको नवीकरण गर्दा नविकरण शुल्क लिनेछ ।

१९.२ सङ्कलन क्षेत्रमा तोकिएका कृषि बस्तुको लिलाम बढावढ पद्धतीबाट खरिद बिक्री गराउँदा सेवा सुविधा उपलब्ध गराए वापत बिक्रीकर्ता तथा खरिदकर्तासंग समितिले अनुसुचि १ बमोजिम को शुल्क लिनेछ ।

१९.३ ब्यबसायीले धारा, विजुली, सन्चार आदी सुविधा प्रयोग गरे वापत समितिले तोके बमोजिम शुल्क लिनेछ । तोकिएको म्यादभित्र शुल्क नबुझाएमा उक्त सुविधाहरुबाट वन्चित गर्न सकिनेछ । ब्यबसायीले संझौता अनुसार प्रयोग गरेको स्टलमा समितिले प्रदान गरिएका सुविधाहरु विग्रिए वा भत्कीएको अवस्थामा मर्मत कार्य गर्नु पर्दा सम्बन्धित इजाजत प्राप्त व्यवसायीले नै व्यहोर्नु पर्नेछ । तर संरचनागत रुपमा परिवर्तन वा मर्मत सम्भार गर्नु पर्दा समितिको निर्णय गराई समितिले नै गर्नु काम गर्न सक्नेछ ।

१९.४ सङ्कलन क्षेत्रभित्र बिक्रीका लागि ल्याइने कृषि बस्तुमा समितिले तोके बमोजिमको सेवा सङ्कलन शुल्क उठाउन सक्नेछ ।

१९.५ समितिले सवारी एवं ढुवानी साधनहरु सङ्कलन क्षेत्रमा प्रवेश गर्दा लाग्ने पटके प्रवेश शुल्क तोक्न सक्नेछ । यस प्रयोजनको लागि समितिले सवारी एवं ढुवानी साधनहरुको बर्गीकरण गर्न सक्नेछ ।

१९.६ समितिले थप थोक खरिद बिक्रीकर्ता, नापतौल कर्ता, र ढुवानी कर्ताको इजाजत पत्र जारी गर्नु पर्दा समितिको निर्णयानुसार गर्नु पर्नेछ । सो को शुल्क र नवीकरण शुल्क अनुसुचि १ मा तोके अनुसार हुनेछ ।

२०. शुल्क र भाडासम्बन्धी अन्य ब्यवस्था :

यस कार्यविधिमा उल्ल्ोख गरिएका देखी बाहेकका अन्य भाडा, शुल्क सम्बन्धी ब्यवस्था समितिले तोके अनुसार हुनेछ ।

## २१. बस्तु राख्ने र भण्डारण गर्ने :

२१.१ समितिले तोकेको स्थानमा बाहेक अन्य स्थानमा कुनै पनि बस्तु राख्न, भण्डारण गर्न र थुपार्न पाईने छैन ।

२१.२ तोेकिएको ठाउँ भन्दा अन्य ठाउँमा कुनै बस्तु राखिएको, थुपारीएको वा भण्डारण गरिएको पाइएमा सङ्कलन व्यवस्थापक वा अधिकार प्राप्त व्यक्तिले सो ठाउँबाट त्यस्ता बस्तुहरु हटाउन लगाउने छ । यदि सम्बन्धित पक्षले नहटाएमा समितिले हटाउने छ र सो हटाउँदा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित पक्षबाट समितिले असुल उपर गर्ने छ ।

२१.३ यी प्रावधानहरु उल्लंघन गर्ने व्यक्ति वा संस्थालाई समितिले एक पटकमा रु. १००।— देखि रु. १०००।— सम्म जरिवाना समेत गर्न सक्नेछ ।

## २२. सवारी साधन वा पार्किङ व्यवस्था :

समितिले तोकेको समयमा र स्वीकृती दिएको स्थानमा बाहेक सङ्कलन क्षेत्रभित्रको कुनै पनि स्थानमा सवारी एवं ढुवानी साधन पार्किङ गर्न पाईने छैन । यसरी तोकिएको समय र स्वीकृत स्थानमा बाहेक अन्यत्र पार्क गरेका सवारी साधनका चालकलाई सङ्कलन व्यबस्थापकले रु.१००।— देखि रु. १०००।— सम्म जरिवाना गर्न सक्ने छ ।

## २३. सफा, सुग्घर र स्वस्थ्यता :

२३.१ कृषि बस्तुहरु प्रर्दशन गर्दा, भण्डारण गर्दा, ढुवानी साधनबाट उतार्दा यस्तै अन्य कृयाकलाप गर्दा सफा सुग्घर कायम हुने तरिकाबाट गर्नु पर्नेछ ।

२३.२ सङ्कलन स्थल क्षेत्र सफा, सुग्घर राख्न थोक व्यापारी, कृृषक, बिक्रीकर्ता तथा खरिद कर्ताले आफ्नो ब्यबसायबाट निस्कने सडे गलेका वस्तु, फोहर मैला तथा काम नलाग्ने अन्य चीज तथा वस्तुहरु फोहर फ्याक्ने तोकिएको स्थानमा वा कन्टेनरमा वा टोकरीमा राख्नु पर्नेछ । सो नगरेमा सङ्कलन व्यवस्थापकले रु १००।— देखि रु १०००।— सम्म जरिवाना गर्न सक्ने छ । आफनो पसल अगाडि सधै सफा राख्नु पर्नेछ ।

२३.३ सङ्कलन स्थलभित्र सम्झौता बाहेकका कुनै पनि किसिमका कृषि जन्य, पशु, पंक्षी प्रवेश गर्न/गराउन पाईने छैन । यदि प्रवेश गरिएको पाइएमा सम्बन्धित पक्ष नै जिम्मेवारी हुनेछ ।

## २४. दण्ड जरिवाना :

कार्यविधिको विपरितमा काम गरेको पाइएमा दण्ड जरीमाना सम्वन्धी प्रावधानहरु उल्लंघन गर्नेलाई उल्लेख भएकोमा सोही अनुसार र उल्लेख नभएकोमा रु १००।— देखि रु १०००।— सम्म सङ्कलन व्यवस्थापकले जरिवाना गर्न सक्नेछ । इजाजत प्राप्तकर्ताको हकमा जरिवाना गरी सचेत गराउने र तीन पटकसम्म सचेत गराउदा पनि प्रावधान अनुसार नगरेमा इजाजत पत्र खारेज गर्न सक्नेछ ।

## २५. कोष तथा खर्चको व्यवस्था

२५.१ सङ्कलन केन्द्र सञ्चालको लागि कोषको स्थापना गरी समितिको नाममा बैंक खाता खोल्नु पर्ने छ ।

२५.२ समितिको कोषमा देहाय अनुसार कोष जम्मा हुनेछ ।

क) कृषि तथा पशु संकलन केन्द्रमार्फत् उठेको भाडा, दस्तुर र अन्य आम्दानी,

ख) नेपाल सरकारबाट प्राप्त रकम,

ग) प्रदेश सरकारबाट प्राप्त रकम

घ) नगरपािलिका तथा वडाबाट प्राप्त रकम

ङ) दातृ निकायबाट प्राप्त रकम

च) अन्य स्रोतबाट प्राप्त रकम

२५.३ संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि समितिले ऋण लिन सक्ने छ ।

२५.४ बैंकको खाता सञ्चालन समितिले तोकेका २ जनामध्येबाट हुनेछ ।

२५.५ संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापनको लागि समितिले ऋण लिन सक्ने छ ।

२५.३ समितिले दर्तावाला लेखा परीक्षकद्वारा प्रत्येक वर्ष लेखा परीक्षण गरी सो प्रतिवेदन जिविसमा पेश गर्नु पर्ने छ ।

## २६. विविध :

२६.१  सहकारी संघ, संस्था र कृषक समुहहरुका लागि छुट्याइएको स्थानको हकमा प्रचलित सहकारी ऐन अनुसार दर्ता भएका सहकारी संघ, सस्था र सम्बन्धित जिल्ला कृषि बिकास कार्यालय मार्फत गठित कृषक समुहहरुले मात्र आवेदन दिन सक्ने छन् । गैर सरकारी संस्था तथा ती संस्था मार्फत गठित र सन्चालित कृषक र पशु समुहहरुको हकमा सम्वन्धित संस्थाको पत्रका साथ जिल्ला कृषि विकास कार्यालयको शिफारिस पत्र संलग्न हुनु पर्नेछ

२६.२ एक परिवारले जतिसुकै स्थानको लागि आवेदन पेश गरे तापनि एक स्थान भन्दा बढी स्थान उपलब्ध गराइने छैन ।

## २७. अधिकार प्रत्यायोजन :

यस कार्यविधि अनुसार समितिले गर्ने कार्य, समितिले आफ्ना सदस्य, उप समिति, सङ्कलन ब्यवस्थापक वा कर्मचारीहरुले गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

## २८. असुल गर्ने :

यस कार्यविधि बमोजिम ब्यक्ति वा संस्थाबाट असुल उपर हुनु पर्ने शुल्क, भाडा, दण्ड, जरिवाना असुल उपर हुन नसकेमा निजहरुले समितिमा जम्मा गरेको धरौटी रकमबाट असुल उपर गरिने छ । यसो गर्दा पनि असुल हुनु पर्ने रकम बाँकी भएमा प्रचलित कानून बमोजिम असुल उपर गरिने छ ।

## २९. नवीकरणको म्याद :

नवीकरण गराउनु पर्ने भनिएको इजाजत पत्रको म्याद आषाढ मसान्त सम्म रहने छ । सो अवधि समाप्त हुनु अगावै अनुसूची ५ अनुसारको फाराम भरी नविकरणको गर्नु पर्नेछ ।

## ३०. नापतौल सम्वन्धी ब्यबस्थाः

स्टलमा संस्था समिति समूहले आफ्नो ढक तराजुको प्रयोग गरि कृषि जन्य बस्तुको नाप तौल गर्न सक्ने छन् र यसको अनुगमन समितिको निर्णय अनुसार ब्यबस्थापकले गर्नु पर्ने छ । अस्थायी रुपमा कारोवार गर्ने अवस्था आएमा स्थान र नापतौल वापतको भाडा समितिले तोके अनुसार हुने छ ।

**३१. अनुसूचीमा थपघट :**

यस कार्यविधिमा रहेका अनुसुचीहरुमा आवश्यक थपघट वा हेरफेर गर्न परेमा कृषि तथा पशु उपज सङ्कलन संचालक समितिको निर्णयलाई आधारमानी जिल्ला परिषद्ले गर्ने छ ।

**३२. बाधा अडकाउ फुकाउने अधिकारः**

यस कार्यविधि बमोजिम काम कारवाही गर्दा कुनै बाधा अडकाउ आई परेमा जिल्ला परिषद्ले गर्ने छ ।

**३३. संशोधन तथा परिमार्जन :**

समितिले कृषि तथा पशु उपज सङ्कलन स्थलको ब्यवस्था तथा सञ्चालनसम्वन्धी निर्देशिका २०५३ को नं. ६ २) क. को अधिकार प्रयोग गरी आबश्यकता अनुसार यस कार्यविधिमा संशोधन तथा परिमार्जन गर्नु पर्दा जिल्ला परिषद्ले गर्ने छ ।

**अनुसूची — १**

**दफा १४, १६.१, १६.२, १६.६ संग सम्बन्धित)**

क) ईजाजत र नवीकरण शुल्क

| | | ईजाजत दस्तुर | नविकरण दस्तुर |
|---|---|---|---|
| १) | थोक खरीद विक्री कार्यको लागि | रु. १००१।— | रु. २०१।— |
| २) | नापतौलकर्ताका लागि | रु. १००१।— | रु.२०१।— |
| ३) | ढुवानीकर्ता भरिया) का लागि | रु. १०१।— | रु. ५१।— |

ख) लिलामसम्बन्धी कारोवार बापत शुल्क :

१) खरीदकर्ताबाट सयकडा १  एक) प्रतिशत

२) बिक्रीकर्ताबाट सयकडा १  एक) प्रतिशत

## अनुसूची — २

**दफा ६  २) र ९  ३) संग सम्बन्धित)**

**ईजाजतको लागि दिने निवेदन**

विषय :— ईजाजत बारे ।

श्रीमान् सङ्कलन ब्यवस्थापक ज्यू
कृषि तथा पशु उपज थोक सङ्कलन संचालक समिति, तम्घास

कृषि तथा पशु उपज थोक सङ्कलन स्थल तम्घासको सङ्कलन क्षेत्रभित्र तोकिएको स्थानमा समितिको नीति, शर्त एवं निर्देशिकाको परिधि भित्र रही ......... ....... ............ .......... ........... ......... ............. ............... को कारोवार गर्ने इच्छा भएकोले आवश्यक कागजात सहीत ईजाजतका लागि आवेदन गर्दछु/गर्दछौ ।

आवेदकको हस्ताक्षर :                मिति :

नाम :

ठेगाना : क) स्थायी :

ख) अस्थायी :

ग) नागरिकताको फोटोकपी :

घ) सम्पर्क फोन नं. :

संस्था भए

क)  संस्थाको नाम :

ख)  ठेगाना :

ग)  छाप :

घ)  संस्था प्रमुख र अख्तियार प्राप्त व्यक्तिको नाम :

ङ)  नागरिकताको फोटोकपी :

च)  हस्ताक्षर :

छ)  सम्पर्क फोन नं. :

ज)  सिफारिस गर्ने व्यक्ति वा संस्था :

संलग्न कागजातहरु :

१.  संस्थाको निर्णयको प्रतिलिपी

२.  संस्था वा समुह दर्ता प्रमाण–पत्र  नविकरण गरेको)

३.  करदर्ता प्रमाण पत्र  नविकरण समेत) कर चुक्ता प्रमाण सहित ।

४.  जिल्ला कृषि तथा पशु विकास कार्यालयको सिफारिस

५.  अन्य

**अनुसुची — ३**

**दफा ६ १) र ६ ३) संग सम्बन्धीत)**

**तम्घास कृषि तथा पशु उपज थोक सङ्कलन व्यवस्थापन समिति**

सङ्कलन व्यवस्थापकले फोटो माथि हस्ताक्षर गर्ने)

मिति :

इजाजत पत्र

तम्घास कृषि तथा पशु उपज थोक सङ्कलन स्थल क्षेत्र भित्र समितिको कार्यविधि एवं सम्झौता बमोजिम...... ....... ...... ....... ..........कार्य गर्न निम्न लिखित ब्यक्ति र संस्थालाई

मिति :......................देखी .........................सम्म कायम हुने गरी यो इजाजत पत्र दिईएको छ ।

सङ्कलन ब्यवस्थापक

दस्तखत :

नाम :

ईजाजत लिनेको दस्तखत :

ठेगाना : क) नाम : ख) स्थायी ठेगाना :

ग) अस्थायी ठेगाना : घ) नागरिकता न. :

ङ) सम्पर्क फोन नं. :

संस्था भए

क) संस्थाको नाम र छाप : ख) ठेगाना :

ग) संस्था प्रमुख र अख्तियार प्राप्त व्यक्तिको :

क) नाम :                                        ख)    ठेगाना :

ग) हस्ताक्षर :

द्रष्टब्यः

१.   यो ईजाजत पत्रको म्याद एक आर्थिक वर्ष सम्म कायम रहनेछ ।

२.   यो इजाजत पत्रको म्याद समाप्त हुनु भन्दा कम्तीमा ३५  पैतिस) दिन अगावै तोकेको शुल्क सहित नविकरणको लागि समितिमा दरखास्त पेश गर्नु पर्नेछ ।

३.   यो इजाजत पत्र नविकरण नगरेमा इजाजत पत्र स्वतः खारेज हुनेछ ।

४.   ईजाजत प्राप्त ब्यक्तिले समितिको कार्यविधि र सम्झौताका शर्तहरु पालना गर्नु पर्नेछ ।

५.   समितिको स्वीकृति वेगर इजाजत पत्र अन्य व्यक्तिलाई हस्तान्तरण हुने छैन ।

६.   दोस्रो पक्षले तीन पुस्ते खुलेको प्रमाण पत्र यसै साथ संलग्न गर्नु पर्नेछ ।

## अनुसूची —४

तम्घास कृषि तथा पशु उपज थोक सङ्कलन संचालक समिति  पहिलो पक्ष) र
............................................ दोस्रो पक्ष) विच गरिएको..............
............................................ सम्बन्धी कार्यको सम्झौता—पत्र ।

यो सम्झौेता गुल्मी कृषि तथा पशु उपज थोक सङ्कलन संचालक समिति, तम्घास र
.............................................काविच निम्न शर्तहरुको अधिनमा रही ...............................
कार्य गर्ने प्रयोजनका लागि गरिएको छ ।

**शर्तहरु :**

१.   यो सम्झोैता मिति .............. देखी लागु हुनेछ र यसको अवधी ...... वर्षको हुनेछ ।

२.   आवेदकले इजाजत पत्र तथा यस सङ्कलनको सञ्चालनकार्यविधिमा उल्लेखित शर्तहरुको पूर्णतः पालना गर्नु पर्नेछ ।

३. इजाजत पत्र नविकरणका लागि आवेदनका बखत पेश गरेका कागजात, प्रमाणहरु समेत नविकरण गरी पेश गर्नु पर्नेछ ।

४. .......... ले ...... कार्य गर्न समितिलाई तिर्नु पर्ने मासिक भाडा, शुल्कको ३ महिना बराबरको रु. ................................धरौटी स्वरूप समितिलाई बुझाउनु पर्नेछ ।

५. .........ले...........कार्य गर्नका लागि समितिलाई मासिक रु...................... भाडा, सेवा शुल्क बुझाउनु पर्नेछ । तिर्नु पर्ने भाडा, शुल्क समयमा नवुझाएमा तत्सम्बन्धी दण्ड जरीवाना कार्यविधिमा तोके अनुसार तिर्नु पर्नेछ ।

६. धरौटी तथा भाडा रकममा प्रत्येक ............. अवधी) मा ..........प्रतिशतले बृद्धि गरिनेछ ।

७. यो सम्झौता अनुसार ...........कार्य गर्न प्राप्त अधिकारको हस्तान्तरण अन्य कसैलाई गर्न पाईने छैन ।

८. सङ्कलन क्षेत्र भित्र सम्झौता अनुसार तोकिए बाहेकका अन्य कार्यहरु तथा समितिद्धारा तोकिएका बाहेकका कृषि तथा पशु उपजहरुको कारोवार गर्न पाईने छैन ।

९. सङ्कलनमा उपलव्ध गराईएको स्थान कृषि तथा पशु उपजको कारोवार बाहेक आवास तथा अन्य कार्यको लागि प्रयोग गर्न पाईने छैन ।

१०. दोस्रो पक्षले तीन पुस्ते खुलेको प्रमाण पत्र यसै साथ संलग्न गर्नु पर्नेछ ।

प्हिलो पक्ष सङ्कलन समिति) दोस्रो पक्ष समझौता गर्ने निकाय)

नम :
ठेगना :
स्थायी :
अस्थायी :
सम्पर्क फोन नं.
नगरिकताको न.. :
दस्तखत :
मिति : नम :
ठेगना :
स्थायी :
अस्थायी :

सम्पर्क फोन नं.
नगरिकताको न. :
दस्तखत :
मिति :
साक्षीहरु  नाम, ठेगाना र दस्तखत)
१)

२)

**अनुसूची — ५**
**दफा २८ संग सम्बन्धित)**
**नविकरण फारम**

| इजाजत पत्र नम्बर | नविकरण मिति | बहाल मिति | | नविकरण गर्ने अधिकृतको सही र मिति |
|---|---|---|---|---|
| | देखि | सम्म | | |

व्यवसायीको नाम :
ठेगाना :
ईजाजत पत्र लिएको मिति :
सम्झौता अवधि समाप्त हुने मिति :

आज्ञाले,
भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत